दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
कोशी प्रदेश नेपाल

प.स.२०८०/०८१
चलानी.नं. ३३

मिति:२०८०/०६/०४

"व्यवसायीक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०४)**

प्रस्तुत विषयमा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालय खोटाङको लागि आावश्यक तपसिलका पदमा कर्मचारी आवश्यकता परेको हुँदा गाँउ कार्यपालिकाको मिति २०८०/०४/१५ गतेको निर्णय अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ ।

१.आवश्यक पद:

| क्र.सं | विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०५/२०८०/०८१ | अ.न.मी | चौथो | ३ जना | लोकसेवा आयोगले लिने अ.न.मी. पदको न्यूनतम योग्यता वा नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी उत्तीर्ण गरेको | ८०० |
| २ | ०६/२०८०/०८१ | अ.हे.व. | चौथो | ७ जना | लोकसेवा आयोगले लिने अ.हे.व. पदको न्यूनतम योग्यता वा नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. उत्तीर्ण गरेको | ८०० |

सेवाको किसिमः अस्थायी (करार सेवा)

१. दरखास्तका साथ संलग्न हुनुपर्ने कागजातहरुः
    - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
    - नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
    - ३ (तिन) प्रति पासपोर्ट साइजको फोटो
    - कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुमति पत्रको प्रतिलिपि ।

२. उमेरको हदः स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम हुनेछ ।
३. तलब तथा करार अवधिः गाउँपालिकासँग हुने करार सम्झौतामा उल्लेख भए बमोजिम ।
४. परीक्षा दस्तुर बुझाउने प्रकृयाः सानिमा बैंक दिप्रुङ शाखा ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०७१०१००४००००१४ (GA 1.1 ANTARIK RAJASHWO KHATA) मा जम्मा गरी उक्त भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।
५. दरखास्त फाराम बुझाउने स्थानः दिप्रुङ चुईचुम्मा गाउँपालिकाको कार्यालय प्रशासन शाखा यकिन विवरण भरी बुझाउनु पर्नेछ । यस कार्यालयको ईमेल ठेगाना diprungrmun2077@gmail.com मार्फत समेत आवश्यक कागजातहरु PDF बनाई मर्ज गरी आवेदन साथ इमेल गर्न सकिनेछ ।
६. परीक्षाको किसिमः आवश्यकता अनुसार ।
७. परीक्षा सम्बन्धि जानकारीः पछि प्रकाशन गरिनेछ ।
८. थप जानकारीको लागिः कार्यलयमा सम्पर्क गरी जानकारी लिने ।
९. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

२०८०/६/४

(सरोज रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत